# प्रेस विज्ञप्ति

आज मिति २०७६/८/१२ गते विहिवार माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूको समुपस्थितिमा अर्थ मन्त्रालयमा आर्थिक बर्ष २०७६/७७ को प्रथम चौमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको वैठक सम्पन्न भयो। उक्त अवसरमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ मन्त्रालयका सचिवहरु र महालेखा नियन्त्रक लगायत महाशाखा प्रमुखहरु, विभागीय प्रमुखहरु, नियमनकारी निकाय एवं आयोजना प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

चालु आर्थिक बर्षको प्रथम चौमासिक प्रगति सन्तोषजनक रहेको विचार व्यक्त गर्दै माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउदै राजस्व परिचालनमा जोड दिन निर्देशन दिनु भएको थियो। यसै गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित तुल्याउने, समयमै बेरुजु फछ्यौंट गर्ने, सोधभर्ना लिन बाँकी रकम महालेखा नियन्त्रक कार्यालयवाट समन्वय गरी शीघ्र प्राप्त गर्न पहल गर्ने, लक्ष्य अनुरुप बजेट कार्यान्वयन गर्ने र कार्य सम्पादनका लागि तोकिएका सूचकहरुको लक्ष्य समयमै हासिल गर्ने गरी उच्च मनोबलका साथ चालु आर्थिक बर्षको बाँकी अवधिको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्न निर्देशन दिनुभयो।

उक्त कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव श्री उत्तरकुमार खत्रीले आर्थिक बर्ष २०७६/७७ को प्रथम चौमासिक बजेटको खर्च स्थिति, राजस्व, विकास सहायता परिचालन, सोधभर्नाको अवस्था, आन्तरिक ऋण, बेरुजु फछ्यौंटको स्थिति तथा प्रथम चौमासिकको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा प्रस्तुती गर्नु भएको थियो।

(उत्तरकुमार खत्री)
सहसचिव/प्रवक्ता

मंसिर १२, २०७६
अर्थ मन्त्रालय, सिंहदरवार।